मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : ३०४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ असोज १८ गते आइतवार (Sunday, October 4. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**दक्ष मिस्त्री आवश्यकता**

V.R. मोटरसाइकल शोरुम बिर्तामोडको लागि तीन जना दक्ष मिस्त्री चाहिएको हुनाले इच्छुकले तु–सम्पर्क गर्नुहोला ।

पद: V.R. मोटरसाइकल बनाउने मिस्त्री
संख्या : ३ जना
तलब: आकर्षक



सम्पर्क:
९८५२६७८९२८

# माछामा प्रतिबन्ध, मेयरमाथि शंका !

**भदपुर, असोज १७।** बिर्तामोड नगरपालिकाले विषादी प्रयोग गरिएको र बरफ हालेर ल्याएको मरेको माछा बिक्री वितरणमा रोक लगाउने निर्णय गरेको छ। नगर कार्यपालिकाको बैठकले बिर्तामोडलाई विषादिमुक्त नगर बनाउने अभियान अन्तर्गत माछालाई मात्र केन्द्रित बनाएर यस्तो निर्णय गरेको हो।

बिषादिमुक्त नगर बनाउने अभियान अन्तर्गत फलफूल, सागसब्जीमाथि पनि प्रतिबन्ध लगाउनु पर्ने हो। तर, नगरपालिकाको निर्णयमा त्यो उल्लेख छैन। जसले गर्दा अहिले सामाजिक सञ्जालमा मरेको माछा बिक्री गर्न नपाउने नगरपालिकाको निर्णयको विषयमा व्यापक आलोचना भइरहेको छ। उक्त निर्णय कानून विपरीत, अव्यवहारिक भएको माछा व्यवसायीको आरोप छ। कतिपयले आफ्नो व्यापार बढाउन यस्तो निर्णय गराएको आशंका गरेका छन्।

बिर्तामोड नगरपालिकाका मेयर धुव्रकुमार शिवाकोटीले आफ्नै वाटर पार्कमा माछा पालना गरिरहेकोले नगरको सो निर्णय आफू लक्षित गरेको भन्दै सामाजिक सञ्जाल प्रयोगकर्ताले व्यंग्य समेत गरिरहेका छन्। पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ र नियमावली २०५६मा भारतबाट आयातित माछा बरफ हालेर निर्यात गर्न सकिन्छ भने प्रष्ट



उल्लेख गरिएको छ। जिउँदो माछा आयातमा पूर्ण रुपमा प्रतिबन्ध लगाइएको ऐनमै उल्लेख भएको अस्थायी पशु क्वारेन्टाइन चेक पोष्ट भद्रपुरका प्रमुख डा. मुकेशकुमार सिंहले जानकारी दिए। 'मान्छेमा माछा आयातको विषयमा भ्रम हट्नु पर्‍यो' पोष्ट प्रमुख सिंहले भने- 'माछा पोखरी वा खोलाबाट निकाल्ने बित्तिकै मर्छ। माछाको गुणस्तर खराब नहोस् भनेर बरफ हालेर माछा कार्टुनमा राखेर ल्याउनु पर्ने कानूनमै छ।' माछा आयात गर्ने व्यापारी मेघु राय भन्छन्- 'भारत सरकारले नै जारी गरेको विषादिको क्वारेन्टाइन प्रमाणपत्रकै आधारमा माछा नेपाल भित्र्याउँछौ।' 'त्यहाँ विषादि जाँच नगरी कुनै पनि माछा भित्र्याउन पाइँदैन। त्यसपछि यहाँ पनि फरमालिन जाँच हुन्छ र बजारमा बिक्री वितरणका लागि पठाउँछौं'- उनले भने।

**यसरी जाँचिन्छ आयातित माछा**

जिल्लाका अधिकांश बजारमा बिक्री वितरण हुने माछा भारतबाट आयात गरेर नै बिक्री गरिन्छ। नेपालमा उत्पादित माछाले नेपाली बजार धान्न सक्दैन।

अहिले जिल्लाको तीन वटा नाकाबाट माछा आयातका लागि चेक पोष्ट राखिएको छ। पशु क्वारेन्टाइन कार्यालय काँकरभिट्टा र त्यसको मातहत रहेको भद्रपुर र गौरीगञ्जमा अस्थायी पोष्ट राखिएको छ।

पहिला आँखा हेरेर र हातले छामेर माछा आयात गर्ने चलन थियो। विषादि जाँचको आवाज उठेपछि पशु सेवा विभागले अहिले भारतबाट आयातित माछामा कडाइ गरेको पशु क्वारेन्टाइन चेक पोस्ट भद्रपुरका प्रमुख डा. मुकेशकुमार सिंहले बताए।

अहिले विषादि परीक्षण बिना कुनै पनि माछा भित्र्याउन नदिने गरेको उनले बताए। 'विषादि परीक्षण पछि मात्र माछा आयातको क्वारेन्टाइन

*(बाँकी अन्तिम पृष्ठमा)*

'सम्पूर्ण पहिचान वादीहरु एक हौं ।'

**जनता समाजवादी पार्टी नेपाल**

माई नगर कार्य समिति, इलाम लिम्बुवान नेपालको

## ध्यानाकर्षण सम्बन्धमा

यस कार्यालयको रोहबरमा माई नगरपालिका अन्तर्गतका सम्पूर्ण वडाको जानकारीसहित यसै माई न.पा.भित्रको विभिन्न ठाउँ वस्तीमा विगत लामो समय यता बसोबास गरी आएका जनतालाई भूमि ऐन सम्बन्धी ज्ञान नभएको जनतालाई आर्थिक बर्ष २०७७।०७८देखि वडाले विटौरी कर उठाउन स्थानीय सरकारले सूचना आव्हान गरेकोमा यो किन कसरी भनेर यस माई नगरवासी जनता अन्यौलमा परेको र सरोकारवालासंग संस्था राजनीतिक दल सञ्चारलाई वेवास्ता गर्दै आम नगरवासीलाई भूमि ऐन वा विटौरी कर सम्बन्धी सुचित नै नगरी स्थानीय सरकार आफ्नो स्वेच्छचारितामा अगाडि बढेकोमा तत्कालको लागि रोकेर जनताले ऐलानीपर्ति जमिनको बिटौरी कर तिरे वापत जनताले के सुविधा पाउन सक्छ जस्ता विषयलाई छलफल र बहस बनाई भूमिधनी पुर्जाविहीन जनताले धनीपूर्जा पाउने सुनिश्चित हुन सक्छ। जसको ग्यारेन्टी नभएसम्म ऐलानीपर्ति जमिन र बिटौरी कर असुल गर्दा यहाँका आम जनता प्रत्यक्ष मारमा पर्ने भएकोले स्थानीय सरकारलाई जनता समाजवादी पार्टीले ध्यानाकर्षण गर्दछौं। साथै कोभिड-१९को महामारीमा जुझिरहेको गरीब जनतालाई विविध समस्यामा रहेको तर्फ सरकार जिम्मेवारीपूर्वक लाग्नुपर्नेमा महामारीकै बेला जनतासंग कर असुल गर्ने समय सान्दर्भिक नभएकोले सरकारलाई पुनर्विचार गर्न हार्दिक निवेदन गर्दै विटौरी करमा विशेष छुट र जनतालाई सहुलियत साथै सेवा प्रदान गरिदिनुहुन विनम्र अनुरोध गर्दै ध्यानाकर्षण गर्दछौं। सम्पूर्ण वडा कार्यालयलाई समेत बोधार्थ छ।

**१) वडा नं. १ को कार्यालय, सन्धुवा इलाम**
**२) वडा नं. २ को कार्यालय, सितली इलाम**
**३) वडा नं. ३ को कार्यालय, मुसेखोला इलाम**
**४) वडा नं. ४ को कार्यालय, डाँडागाउँ शुक्रवारे**
**५) वडा नं. ५ को कार्यालय, थाक्ले इलाम**
**६) वडा नं. ६ को कार्यालय, मागुना इलाम**
**७) वडा नं. ७ को कार्यालय, कपरसुका इलाम**
**८) वडा नं. ८ को कार्यालय, कल्कते इलाम**
**९) वडा नं. ९ को कार्यालय, चिसापानी इलाम**
**१०) वडा नं. १० को कार्यालय, सालबोटे इलाम**

**टुपेन्द्र येक्तेन:** अध्यक्ष

**जनता समाजवादी पार्टी**, माईनगर कार्य समिति



# नाट्टाको नेतृत्व चयन



**बिर्तामोड, असोज १७।** नेपाल एशोसिएशन अफ टुर एन्ड ट्राभल एजेन्ट (नाट्टा) प्रदेश १को अध्यक्षमा झापाका व्यवसायी उदयकुमार श्रेष्ठ निर्विरोध चयन भएका छन्। उनी बिर्तामोडको पञ्चकन्या ट्राभलका सञ्चालक हुन्।

शनिबार झापाको बिर्तामोडमा सम्पन्न संस्थाको नवौं अधिवेशनले श्रेष्ठको नेतृत्वमा १० सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो। नवनिर्वाचित समितिको वरिष्ठ उपाध्यक्षमा विराटनगरको इस्टर्न एशियाका पुण्यप्रसाद भट्टराई, उपाध्यक्षमा धुलाबारीको श्रीजन ट्राभलका ऋषिराज तिम्सिना, महासचिवमा बिर्तामोडको काउन्सिल ट्राभलका नवीन खरेल, सचिवमा विराटनगरको प्रारम्भ ट्राभलका सुरेन्द्रप्रसाद पौडेल र कोषाध्यक्षमा काँकरभिट्टाको आसाम ट्राभलका सजीत तामाङ निर्विरोध निर्वाचित भएका छन्।

त्यस्तै, सदस्यहरुमा इटहरीको मिसन ट्राभलका जीवन पराजुली, बिर्तामोडको शाश्वत ट्राभलका मनरथ सिलवाल, दमकको गंगा ट्राभलका धर्मराज शिवाकोटी र विराटनगरको धनकुटेली ट्राभलका चक्रबहादुर कार्की निर्विरोध निर्वाचित भएका छन्।

अधिवक्ता तेजप्रसाद कट्टेल संयोजक रहेको निर्वाचन समितिको सदस्यमा नाट्टाका केन्द्रीय सदस्य हरिकुमार श्रेष्ठ र पत्रकार हिमाल खरेल थिए।

# धुलौटे बाटो धमाधम कालोपत्रे

**असोज, असोज १७।** झापा गाउँपालिकामा एक पछि अर्को गर्दै धुलौटे सडक कालोपत्रे हुँदै गएका छन्।

गाउँपालिकाले सडक कालोपत्रे गर्ने कार्यलाई विशेष प्राथमिकतामा राखेपछि धुलौटे सडक कालोपत्रे हुँदै गएका हुन्। प्रत्येक वडामा एउटा सडक अनिवार्य कालोपत्रे गर्ने अभियान अन्तगत झापा गाउँपालिका वडा नम्बर-६ शरणामती बजारसँग जोडिएको अमरपथ मार्गलाई मदरगाछीस्थित दयालधामको लक्ष्मी मार्गसँग जोड्ने बाटोको कालोपत्र निर्माण कार्य सम्पन्न भएको छ।



गाउँपालिका अध्यक्ष जयनारायण साहका अनुसार झापा गाउँपालिका वडा नम्बर ६ शरणामती र वडा नम्बर ७ मदरगाछीका स्थानीय जनताहरुले धेरै पहिलादेखि दैनिक रुपमा गरिने आवत जावतमा स-साना खोलाहरुका कारणले र बाटोको अव्यवस्थित व्यवस्थापनका कारणले निक्कै समस्याहरु झेल्दै आएकाले सडक कालोपत्रे गरिएको हो।

सडक कालोपत्रे भएसँगै स्वास्थ्य, शिक्षा र दैनिक रुपमा आइपर्ने काममा अनेकौं समस्याहरु झेल्दै आएका स्थानीयलाई राहत हुने अध्यक्ष साहको भनाइ छ। २ करोड २२ लाख रुपैयाँको लागतमा बनिएको उक्त सडक २ हजार ९ सय ९४ मिटर लम्वाइको रहेको छ।

# खनुपरुदे अस्पताल भर्ना



**बिर्तामोड, असोज १७।** झापाका पुराना कांग्रेस नेता तथा समाजसेवी रामबाबु प्रसाई (खनुपरुदे) अस्वस्थ भएका छन्।

९९ वर्षीय राजनीतिज्ञ तथा कृष्णप्रसाद भट्टराईकालीन नेपाली कांग्रेसका केन्द्रीय कोषाध्यक्ष प्रसाईं अस्वस्थ भई अस्पताल भर्ना भएको परिवारिक स्रोतले जनाएको छ।

चावहिलस्थित ओम अस्पतालको आकस्मिक उपचार कक्षमा उनको उपचार भइरहेको छोरा टोरुप प्रसाईले जानकारी दिए। श्वासप्रश्वास सम्बन्धी समस्या भएपछि उनलाई अस्पताल लगिएको प्रसाईले बताएका छन्। चिकित्सकले उनको स्वास्थ्य अवस्था चिन्ताजनक नरहेको बताएका छन्।

# बिर्तामोडमा सरसफाई अभियानलाई तीव्रता

**तुलसीप्रसाद निरौला**

**बिर्तामोड, असोज १७।** पूर्वको व्यापारिक केन्द्र बिर्तामोडलाई स्वच्छ, हरियालीमय बनाउन सरसफाई कार्यक्रमलाई तीव्रता दिइएको छ।

स्वच्छता मेरो पहिचान, सफाईमा मेरो योगदान, सरसफाई अभियान देशव्यापी बनाऔं भन्ने मूल नारासहित विगत तीन बर्षदेखि शुरु गरिएको बिर्तामोड सरसफाई अभियान अन्तर्गत हरेक शनिबार बिर्तामोडमा सरसफाई गरिँदै आएको छ।

बिर्तामोड सरसफाई अभियानले बिर्तामोडका विभिन्न सामाजिक संघ संस्थाका पदाधिकारी, जनपद प्रहरी, ट्राफिक प्रहरीहरुको सहकार्य र सहभागितामा हरेक शनिबार बिर्तामोडमा सरसफाई गर्दै आएको अभियानका संयोजक बिष्णु आचार्यले बताए।

बिर्तामोड सरसफाई अभियानको श्रृंखला अन्तर्गत शनिबार रोटरी क्लब अफ बिर्तामोड मिडटाउन र रोट्याक क्लब अफ बिर्तामोड मिडटाउनको समेत आयोजनामा बिर्तामोड मुक्ति चोक पूर्वपट्टि रहेको डिभाइडरभित्र सरसफाई गरिएको रोटरी क्लब अफ बिर्तामोड मिडटाउनका प्रेसिडेन्ट प्रशान्त भण्डारीले जानकारी दिए। उक्त डिभाइडरभित्र विभिन्न फूलका विरुवा रोपिने र विभिन्न जनचेतनामूलक सन्देश दिने स्टीकर, पर्चा टाँसिने योजना रहेको उनले बताए।



अभियानका संयोजक बिष्णु आचार्य, रोटरी क्लब अफ बिर्तामोड मिडटाउनका चार्टर प्रेसिडेन्ट सन्तोष अग्रवाल, सेक्रेटरी सिद्धार्थ नवीन उप्रेती, टीच डाइरेक्टर शरद जोशी, रोट्याक क्लब अफ बिर्तामोड मिडटाउनकी प्रेसिडेन्ट प्रकृति न्यौपाने लगायतको सरसफाइमा सहभागिता रहेको थियो।

त्यस्तै जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले शनिश्चरे सडकखण्डमा जेब्रा क्रसिङ निर्माण गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापा सई नारायण आचार्यले जानकारी दिए।

यात्रुले जथाभावी सडक पार गर्दा दुर्घटना बढेकाले जेब्रा क्रसिङ निर्माण गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख प्रकाश जवेगूले बताए। उनले सडक पार गर्ने यात्रुलाई जेब्रा क्रसिङबाट मात्र सडक पार गर्न आग्रह समेत गरे।

त्यस्तै लायन्स क्लब अफ बिर्तामोडले बिर्तामोडको मुक्तिचोकभित्र रहेको गमलामा रंगरोगन गरेको लायन्स क्लब अफ बिर्तामोडका अध्यक्ष मोहन मित्तलले जानकारी दिए।


## हार्दिक बधाई



सहारा नेपाल साकोसका सचिव तथा कार्यकारी प्रमुख, सामाजिक तथा मानवीय सेवामा क्रियाशील सामाजिक अभियन्ता **श्री महेन्द्रकुमार गिरी**ज्यूलाई यस बर्षको संविधान दिवसको अवसरमा सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०७७ असोज ३ गते 'समाज सेवा रत्न' पदक द्वारा विभूषित गर्ने घोषणा भएकोमा हामी अत्यन्तै हर्षित भएका छौं। यस पावन अवसरमा हामी उहाँप्रति हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं। साथै आगामी दिनमा उहाँको समाजसेवाप्रतिको ऊर्जा अझ क्रियाशील हुँदै जाओस् भन्ने कामना पनि गर्दछौं।

**गोकुलप्रसाद अधिकारीः** अध्यक्ष

तथा **अनन्त परोपकार समाज बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

**बिर्तामोड–४, झापा**


**माछामा ...**

प्रमाणपत्र जारी गर्छौं'- उनले भने- 'माछाको विवादित विषय भनेकै नै फरमालिन रसायन हो। यसले यो रसायनले मान्छेलाई प्राणघात रोग क्यान्सर लगाउँछ।' उनका अनुसार भारतको राज्य सरकार नभई केन्द्र सरकारले नै माछा आयातका लागि प्रमाणपत्र जारी गरेको हुन्छ। त्यो प्रमाणपत्रमा पनि फरमालिन जाँच हुन्छ। त्यही प्रमाणपत्रको आधारमा हामी पनि क्वारेन्टाइन जाँच गर्छौं।

उनले भने- 'त्यसैले माछाको फरमालिन जाँच गर्छौं। एउटा फरमालिनमा तीन वटा डब्बा हुन्छ। माछालाई चिरेर निकालिएको तरल पदार्थलाई तीन वटा बट्टामा हालेर चेकजाँच गर्छौं। तीनै वटै बट्टामा एउटै रङ आउनु पर्छ। पहिलो रङ्ग देखिएमा फरमालिन रसायन प्रयोग भएको हुन्छ, जुन विषादि हो।' क्वारेन्टाइन जाँच भएका माछा बजारमा बिक्री गर्न सकिन्छ।


## तु-कर्मचारी आवश्यकता

- **एकाउन्टेन्ट+रिसेप्सनिष्टः** १ जना (महिला) योग्यता दुवै हेर्न सक्ने,
- **बेटर :-** २ जना (महिला)
- **कुकमेन :-** १ जना (महिला)
- **क्लिनर :-** २ जना (महिला)
- **लन्ड्री+डिस्वासर :-** २ जना (महिला)

**5 star Hotel का लागि**

- **रिसेप्सनिष्ट :-** २ जना (महिला) एक बर्ष अनुभव भएको
- **मार्केटः-** १ जना (महिला) कम्प्युटर सम्बन्धी दक्ष, अनुभवी
- **कस्टमर सर्भिस (Customer Service):** १ जना (महिला) एक वर्ष अनुभव भएको

योग्यताः- कम्तीमा ५.३ इन्चभन्दामाथि उचाई भएको, Good Looking, Smartness Politeness साथै अंग्रेजी, नेपाली बोल्न तथा बुझ्न सक्ने।

**बिर्तामोड, कृषि चौक रोड**

**सम्पर्क नं. ९८५२६४०१२३, ९८०७९१४१२३, ०२३-५४४८३४**

## साधारणसभा सम्बन्धी सूचना

**श्री सृजनशील बचत तथा ऋण सहकारी सस्था लि.**को १५औं बार्षिक साधारणसभा कोभिड-१९ को कारणले सरकारद्वारा तोकिएको नियमलाई पालना गरी गर्नुपर्ने भएको हुँदा सम्पूर्ण शेयर सदस्यहरुलाई यसै सूचनामार्फत निमन्त्रणा गर्दछु। यस संस्थाको साधारणसभा तपसिल बमोजिम मिति, स्थान र समयमा हुने निश्चय भएको हुँदा यसै सूचनालाई आधारमानी अनिवार्य उपस्थितिको लागि अनुरोध गर्दछु।

**मितिः** २०७७।०६।०१८ देखि २०७७।०७।०३ गतेसम्म
**स्थानः** संस्थाको कार्यालय, बिर्तामोड-१
**समयः** विहान ११:०० बजेदेखि ३ बजेसम्म

**डम्बर विमलीः** अध्यक्ष

**श्री सृजनशील बचत तथा ऋण सहकारी संस्था लि.**, बिर्तामोड-१, झापा (फोन नं. ०२३-५४०४५५)

## आकर्षक घडेरी बिक्रीमा

बिर्तामोड मुक्तिचोकदेखि १ किलोमिटर उत्तर शनिश्चरे रोड सँगैका आकर्षक घडेरी तथा पाथीभरा टोलभित्रका आकर्षक घडेरी बिक्रीमा छन्।

**सम्पर्क : ९८५११४४९४९**

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

## खुशीको खबर

ब्रा, पेन्टी, कुर्ता सलवार, मेक्सी, जिन्स पेन्ट-सर्ट लगायत सम्पूर्ण लेडिज सामानहरु अब एकै ठाउँमा सस्तो र सुलभ मूल्यमा पाइन्छ। साथै होलसेल तथा खुद्रा दुबै कारोबार गरिन्छ।

**अन्सिका मन्चेडाइज एण्ड सप्लायर्स सिटी सेन्टर**
बिर्तामोड झापा
प्रो. युवराज गिरी /दुर्गा गिरी
**फोनः ९८५२६७३२६९, ९८१४९९१६६८**

कोहेड (COHED) कलेजमा

## कक्षा ११को भर्ना खुल्यो

**विज्ञानः** म्याथ/वायलोजी
**व्यवस्थापनः** कम्प्युटर साइन्स, होटेल मेनेजमेन्ट, विजनेश स्टडिज
**मानविकीः** रुरल डेभलपमेन्ट, सोसियोलोजी, अंग्रेजी, मास कम्युनिकेशन

एसईईको जिपिएको आधारमा छात्रबृत्तिको व्यवस्था गरिएको छ।
फर्म वितरण भइरहेको छ।
**कार्यालय खुल्ने समयः** विहान ७:०० बजेदेखि दिउँसो ४:०० बजेसम्म
असोज २१ गतेदेखि कक्षा ११को अनलाइन कक्षा सञ्चालन हुनेछ।

सम्पर्कः **कोहेड (COHED) कलेज**, बिर्तामोड, झापा
फोन नं. ०२३-५४२८२४, ९८४२६३४३१९, ९८४२६३४३१२


## बुद्धशान्ति गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### बुधवारे, झापा
## प्रेस विज्ञप्ति

मितिः २०७७/०६/१५

यस बुद्धशान्ति गाउँपालिकाले कार्यालय प्रयोजनका लागि खरीद गरेको स्कर्पियो गाडीका सम्बन्धमा विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालमा आएको समाचार र टिप्पणी प्रति यस गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ।

स्थानीय तहको निर्वाचन भए पश्चात गाउँपालिकाको आवश्यकतालाई मध्यनजर गरी यस अघि नै कार्यालयले खरिद गरेको एउटा, संघीय सरकारबाट प्राप्त भएको एउटा र भाडामा लिएको एउटा गरी तीन वटा गाडी रहेकामा संघीय सरकारबाट प्राप्त गाडी जीर्ण अवस्थामा रही सञ्चालन खर्च दिनानुदिन बढ्न गई लामो दुरीको यात्रामा प्रयोग गर्न समेत असहज भएको हुँदा चालू गरिरहन उपयुक्त नभएको र भाडामा लिएको गाडी समेत लामो अवधिसम्म सञ्चालन गरिरहँदा चालू व्ययभार मात्र बढी रहने पुँजीगत सम्पत्ति (सवारी साधन) चाहिं नजोडिने अवस्था देखिएको साथै सो गाडी पनि जीर्ण हुँदै जाने क्रममा रहेकाले सञ्चालन खर्चमा वृद्धि हुन जाने अवस्था रहेको महशुस गरी २०७७ आषाढ मसान्तबाट भाडाको उक्त गाडी फिर्ता गरिएकाले कार्यालयका लागि एउटा नयाँ गाडी खरिद गर्नुपर्ने आवश्यकता महशुस भई चुरेक्षेत्र तथा उत्तर–दक्षिण भइ बने खोलानाला एवम् विशिष्ट प्राकृतिक भूगोल भएको कच्चा तथा अप्ठ्यारा सडकहरुमा अन्य गाडी सञ्चालन गर्न कठिन हुने भएकाले 4 wheel गाडी नै किन्नुपर्ने परिस्थितिजन्य बाध्यताका कारण सातौं गाउँसभाको निर्णय र विनियोजित बजेटबाट सार्वजनिक खरिद ऐन ०६३ र नियमावली, ०६४मा भएको व्यवस्था बमोजिमको प्रक्रिया पूरा गरी उक्त गाडी खरिद गरिएको व्यहोरा जानकारी गराउँदै गाडी खरिदसँग सम्बन्धित विषयलाई लिएर कार्यालय र सम्बन्धित व्यक्तिसँग सम्पर्क नै नराखी सत्य–तथ्य नबुझी तथ्यलाई तोडमोड गर्दै यस गाउँपालिकाको प्रतिष्ठामा आँच पुर्याइ श्रद्धेय उपाध्यक्ष श्री मिरा भुर्तेलज्यूको मानमर्दन गर्ने दुराशय राखी जनमानसमा भ्रम सिर्जना हुने गरी मनगढन्ते ढंगबाट पत्रकारिताको न्यूनतम् मूल्य र मान्यतालाई समेत ख्याल नगरी गलत ढंगबाट प्रकाशित उक्त समाचार र सामाजिक सञ्जालमा गरिएको भद्दा निर्मम एवम् निर्लज्ज टिप्पणीप्रति गाउँपालिका घोर भर्त्सना गर्दछ। सार्वजनिक सरोकारका विषयमा तथ्यको नजिक पुगी व्यक्तिगत चरित्र हत्या नहुने गरी मर्यादित र सभ्य भइ समाचार सम्प्रेषण गर्नु हुन आमसञ्चारकर्मीहरुमा अनुरोध गर्दै सामाजिक सञ्जालमा अन्य व्यक्ति एवम् संस्थाको इज्जत, प्रतिष्ठा, मानसम्मान र भावनामा चोट एवम् खलल पुग्ने खालका लेख, टिप्पणी तथा तस्वीर राख्ने कार्य अब उप्रान्त नगर्नु/नगराउनु हुन समेत सबैमा हार्दिक अपिल गर्दछौं। कार्यालयको सम्पादनलाई सरल, पारदर्शी र जनमुखी बनाउन प्राप्त भएका सकारात्मक सुझावहरुलाई आत्मसात गर्दै लगिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ।


## बाल्मीकि एजुकेशन फाउण्डेशन
## बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना

शैक्षिक सत्र २०७७का लागि यस **बाल्मीकि एजुकेशन फाउण्डेशन**मा **नर्सरीदेखि कक्षा ७** सम्मका लागि नयाँ विद्यार्थी भर्ना खुलेको सम्पूर्ण अभिभावकहरुमा सहर्ष जानकारी गराउँदछौं।

**भर्ना आवेदन फारम विद्यालय प्रशासनबाट प्राप्त गर्न सकिनेछ।**

**समय : विहान १० बजेदेखि १ बजेसम्म**

विस्तृत जानकारीका लागि
**बाल्मीकि एजुकेशन फाउण्डेशन**
बिर्तामोड-१, झापा
०२३-५४०१९५/ ५४२८२०

पार्टीटोयांको भारतको सेवा कांकरभिट्टाबाट

## निशान्त मोटरसाइकल पार्टस एण्ड सर्भिसिङ सेन्टर



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्टसहरुमा १०% छुट गरिएको छ।



सातौं बर्षमा प्र [redacted] द् उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पू [redacted] उपलब्ध गराउँदै इञ्जिनसहितको सम [redacted] सुचारु गरिएको छ।

यहाँ जुनसुकै [redacted] मोटरसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्टस [redacted] इञ्जिन मर्मत पनि गरिन्छ।

निशान्त मोट [redacted] पार्टस एण्ड सर्भिसिङ सेन्टर
[redacted] लो गल्ली दायाँ साइड
नि [redacted]
[redacted] फोन गर्नुहोस्, सेवा लिनुहोस्।


श्रीअनु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानु [redacted] ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला [redacted] ३०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसिसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwancha [redacted] il.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल
सम्पादकीय

## सरकार गम्भीर बन

राजधानी काठमाडौंमा अहिलेसम्मकै सर्वाधिक संक्रमित थपिनु देशकै लागि अत्यन्त चिन्ताको विषय हो । उपत्यकाका तीनवटा जिल्लामा शुक्रबार मात्रै कूल संक्रमितको साठ्ठी प्रतिशत थपिएका छन् । कोरोना भाइरस संक्रमणको यस्तो उच्च दर बढ्नुका पछि कमजोर व्यवस्थापन जिम्मेवार रहेको विज्ञहरुले बताएका छन् । विज्ञहरुले अझै पनि व्यवस्थापन ठीक ढंगले नगर्ने हो भने कोरोना नियन्त्रण बाहिर जाने चेतावनी दिएका छन् । उनीहरुले पीसीआर व्यापक गर्दै कन्ट्याक ट्रेसिङ र क्वारेन्टाइनलाई प्रभावकारी बनाउन स्थानीय सरकार, जनप्रतिनिधि लगायत सरकारको मुख्य प्राथमिकता रहनुपर्ने औंल्याएका पनि छन् ।

शुक्रबार मात्रै सक्रिय संक्रमितको संख्या एक्काइस हजारभन्दा माथि थियो । सरकारले सक्रिय संख्या पच्चीस हजार नाघे बन्दाबन्दीमा जानुपर्ने चेतावनी दिएको छ । त्यसबेला भएका स्वास्थ्य सेवा, जनशक्ति, अस्पताल अपुग हुनेछन् । त्यसको परिणाम साँच्चिकै महामारी हुनेछ, जस्तो कि अहिले अस्पताल नै नपुगी संक्रमणका कारण मृत्यु हुनेको क्रम बढ्न थालेको छ । यही समय अर्थात् अबको दुई हप्ताभित्रै नेपालीको महान पर्व दशैं आउने छ । त्यसबेला टीका थाप्ने उद्देश्यले मानव गतिविधि बढ्न जानेछ । संक्रमण उच्च रहेको उपत्यकामा झण्डै अस्सी प्रतिशत मानिस दशैं मनाउन घर फिर्छन् । उनीहरुले घर आउँदा स्थानीयलाई संक्रमण सार्ने र फिर्दा राजधानीमा सार्ने जोखिम हुनसक्छ । यस्तो परिस्थितिलाई रोक्न सरकारका तर्फबाट कुनै रणनीति नदेखिनुले कोरोना हाम्रा लागि घातक बनिने निश्चित छ ।

कोरोना काल बनेर प्रत्येक व्यक्तिको छाया जस्तै बनिएको छ । तर, हाम्रा आनीबानीमा परिवर्तन देखिएको छैन । कोरोना पूर्व झैं भएका छन् मानिसका हिंडडुल, चाडपर्व, भेला, गोष्ठी र चाडपर्वहरु निर्वाध, निसंकोच र निश्चित हुन थालेका छन् । त्यसमाथि काठमाडौं उपत्यकाबाट बाहिरिनेहरुका कारण ग्रामीण तथा देशका अन्य ठाउँहरुमा संक्रमण विस्तार हुनेछ । लामो समयको बन्दाबन्दीपछि खुकुलो भएको परिवेशको परिणामले उपत्यकामा जसरी संक्रमण बढायो त्यही अवस्था उपत्यका बाहिर हुनेतर्फ सरकार सचेत हुनैपर्छ । पीसीआर परीक्षण व्यापक, निःशुल्क गर्दै संक्रमण देखिएकालाई आइसोलेसन मै राखेर निगरानीसहितको प्रभावकारी अनुगमन सरकारका तर्फबाट गरिनुपर्छ । अन्यथा कोरोनाले दिने पीडा अनन्तसम्म महशुस गर्नुपर्नेछ बाँच्नेहरुले ।

# सहजीकरणको नाममा घाइते शिक्षण संस्था



पूर्णबहादुर कटुवाल

कोरोना भाइरस (कोभिड-१९)को संक्रमण तीव्ररुपमा फैलिइरहेको छ। दिनहुँजसो संक्रमणको संख्या र ज्यान गुमाउनेको संख्या सुन्दा अवस्था अत्यासलाग्दो बन्दै गएको छ। लामो समयको लकडाउनलाई खुकुलो पारिएपछि पनि कोरोना संक्रमण बढिरहेको सरकारी अधिकारीका विज्ञप्तिले सूचित गरिरहँदा अवस्था अझ गम्भीर हुने देखिन्छ। भविष्यको कोरोनाको खतराको सीमाना कहाँसम्म हो भन्ने आंकलन गर्न सकिने अवस्था छैन। सरकारी सूचना जति अत्यासलाग्दो देखिएको, देखाइएको छ, त्यसलाई न्यूनीकरण गर्ने काममा राय नै कमजोर भएको आक्षेप पनि लागिरहेको छ। हुन त संक्रमण नदेखिएको अवस्थाबाट बोल्नुभन्दा प्रभावित भएपछिको अवस्थामा पुग्नु कठिन होला, तर राज्य र सरकारको कोरोना महामारी रोकथामको नीति, के हो ? यसका लागि ठोस काम के भइरहेको छ ? भन्ने पक्षमा नै नागरिक गुमराहमा बेखबर छन्। सरकारले सक्रिय संक्रमितको संख्या २५ हजार नाघेपछि स्थिति अझ भयावह हुने संकेत गरिसकेको छ। त्यो संख्या केही दिनमै पुग्ने देखिएको पनि छ। के सरकार अब फेरि लकडाउनको तयारीमा छ ? यसो भयो भने कोरोना नियन्त्रणमा आउला ? प्रश्न अनुत्तरित नै छन्। सरकारी तथ्यांक विश्लेषण गर्ने हो भने असोजको अन्तिम सातातिर नै अहिलेको संख्या डेढा पुग्ने सम्भावना रहेको छ। यो स्थितिमा नागरिकलााई बचाउन राज्यलाई हम्मे-हम्मे पर्ने उसकै अनुमान रहेको छ। राज्यसँग विकल्प शून्य प्रायः रहेका छन्।

अहिले पनि सरकारले लकडाउन पूर्णरुपमा खुल्ला गरिसकेको छैन। अझै पनि केही क्षेत्र बन्धक बनाइएका छन्। त्यसमध्ये पनि लकडाउनकै बीचमा गत महिना वैकल्पिक सिकाईका लागि सिकाई सहजीकरण निर्देशिका जारी गरिएपछि शैक्षिक क्षेत्र झनै अन्योलमा पारिएको छ। शिक्षण संस्था अहिले घाइते अवस्थाबाट गुज्रिरहेका छन्। उनिहरुको शैक्षिक र आर्थिक अवस्था अत्यन्तै दयनीय अवस्थामा पुगेको छ। सहजीकरण निर्देशिकाले व्यवस्था गरे अनुरुपको सिकाई सहजीकरण गर्न धेरै व्यवधान खडा भएका गुनासा आउन थालेका छन्। शिक्षण संस्था र यससँग प्रत्यक्ष सरोकार राख्ने सरकोकारवाला ठूलो मारमा परेका छन्।

सरकारले राष्ट्रिय र अन्तर्राष्ट्रिय हवाइ यातायात, आन्तरिक लामो तथा छोटो दूरीका सार्वजनिक यातायात, बजार, व्यापार व्यवसाय, होटल, रेष्टुरेन्ट, उद्योग-धन्धा, कलकारखाना खुलाएको छ। हुन त हाटबजार, ब्युटीपार्लर, डान्सबार, शैलुन, विद्यालय तथा क्याम्पस लगायतलाई अझै खुल्ला गर्न रोक लगाए पनि विद्यालय र महाविद्यालय बाहेका अरु सबै प्रकारका व्यवसाय निर्वाधरुपमा सञ्चालनमा आएका छन्। शिक्षण संस्था बाहेकका केही क्षेत्र खुल्ला गर्न रोक लगाइए पनि उनीहरु त्यो मान्न तयार भएनन्। तर, सरकारी नीति, सरकारी जिब्रो, उनका अधिकारी, जनताका सरकारी निकायबीच तादात्म्य र एकरुपता नहुँदा विद्यालय तथा क्याम्पसहरु नै मारमा परेका छन्। निर्वाधरुपमा विद्यालय सञ्चालन हुन नसक्दा विगत सात महिनादेखि पठनपाठन बन्द छ। क्याम्पसको शैक्षिक गतिविधि ठप्प छ। अघिल्लो शैक्षिक सत्रका सबै परीक्षाहरु सञ्चालन हुन सकेका छैनन्। यसले हजारौं विद्यार्थी



शैक्षिक भविष्य अन्योल मै छ। राज्य शैक्षिक संस्था सञ्चालनको ठोस निर्णयममा पुग्न सकेको छैन। कक्षा एकदेखि १० सम्मको लागि सिकाई सहजीकरण निर्देशिका आए पनि यस अनुसार सिकाई हुन विभिन्न बाधा-व्यवधान आएको भन्ने गुनासा बढेका छन्। जनताका नजरमा सरकार कोभिड-१९ महामारी रोकथामा र नियन्त्रणमा असफल साबित भएको छ। रोग नियन्त्रणमा राज्यका अंगबीच नै तालमेल नहुँदा नागरिक थप अन्योल र मानसिक रुपमै चिन्ति बनेका छन्। अहिले रोग नियन्त्रणको मुख्य उपाय शैक्षिक संस्था बन्द मात्र सम्झेको छ- राज्यले। तर, यो विकल्प हाँस्यास्पद देखिन्छ।

देश-विदेशको मान्छे दुई हप्ताअघिको पीसीआर रिपोर्ट लिएर निर्वाधरुपमा गाउँ भित्रिएको छ। भारतीय कामदार चोर बाटो हुँदै दैनिक सयौंको संख्यामा देश भित्रिरहेका छन्। कलकारखानामा काम गर्ने विदेशी ज्यामी, मजदुर निर्वाधरुपमा काम गरिरहेका छन्। घुम्ती व्यापार गर्ने भारतीय व्यापारी गाउँ-शहरमा छ्यापछ्याप्ती हिँड्डुल गरिरहेका छन्। यी कसैले पनि सामान्य मापदण्ड समेत अपनाइरहेका छन्। त्यसैले सरकारको कोरोनासँग लड्ने नीति नै कसैको हाँस्यास्पद भएको छ भने शिक्षा क्षेत्रको लागि अभिशाप बनेको छ। अहिले संक्रमित क्षेत्रबाट अर्को क्षेत्रमा मानिसको आवतजावत बाक्लिएको छ। त्यसैले प्रश्न उठ्न थालेको छ कि के कोरोना माहामारी फैलाउने मुख्यतत्व शैक्षिक संस्था नै हो त ? राज्यको जवाफ खोज्न थालिएको छ। एक हप्ताअघिको पीसीआर रिपोर्टले कोरोना पुनः कोरोना भाइरस फैलाउँदैन ? एक पटकको परीक्षणले भोलिपल्टदेखि सदाको लागि कोरोनामुक्त हुन सक्छ ? विडम्वना यही भई दिएको छ। त्यसैले परीक्षणको शैली परिवर्तन गरेर बन्द रहेका क्षेत्र सञ्चालनमा राज्य गम्भीर बन्नुपर्छ। लकडाउनका स्वरुप बदल्दै दैनिक दश/पन्ध्र हजार पीसीआर टेष्टको भरमा मात्र राज्यले मुलुकको स्वास्थ्य स्थितिमा सुधार आउन अब असम्भव छ। दैनिक त्रासदीपूर्ण रिपोर्ट र विज्ञप्ती मात्र प्रेसित गरी चेतनामूलक अभियानसहित प्रतिबन्धित क्षेत्र पुनः सञ्चालनमा नल्याए मुलुक स्वास्थ्यको दृष्टिकोणले मात्र होइन अन्य विभिन्न क्षेत्रको जरजर अवस्थाबाट मुलुक गुज्रिरहने कुरामा शंका गर्न सकिँदैन।

सरकारले मनन् गर्नुपर्छ कि शहर-बजार, गाउँ-गल्ली, हाटबजार, किनमेल, व्यापार व्यवसाय, यातायात जतातत‍ै भीडभाड बढेको छ। यो बाध्यताको परिणाम पनि हो। यदि साँच्चै संक्रमण फैलिने हो भने त्यहीबाट फैलिरहेको छ। शिक्षण संस्था मात्र बन्द हुँदा संक्रमण किन घट्न सकेन ? घट्नुपर्थ्यो, घटेन। त्यसैले संक्रमण फैलने माध्यम शिक्षण संस्था मात्र होइनन्। अन्य धेरै छन्। त्यतातिर सरकारको नजर जानुपर्छ। यसको रोकथाम र नियन्त्रणमा सरकार गम्भीर बन्नुपर्छ। सरकारको एक्लो प्रयास मात्र महामारी रोकथामको लागि अपुग छ भने माक्स र सेनिटाइजरको प्रयोगको खबरदारीले मात्र पुग्दैन अब यसको लागि प्रदेश सरकार स्थानीय सरकार र नागरिकलाई पनि जिम्मेवार बनाउन सक्नुपर्छ। जम्मा उपाय परीक्षण, अनि त्यसको विज्ञप्तीको सुगा रटाइले मात्र महामारी अन्त्य हुन असम्भव छ। किनकि यो मौसमी चक्रीय पद्धतीमा आधारित छैन। यसको सीमा छैन। यसलाई निर्मूल पार्न अचुक अस्त्र पनि छैन, लुकेर माहामारीको सामना हुन असम्भव छ भनेर सरकार आफै बोल्दैछ।

अब पनि शिक्षण संस्था बन्द गर्ने गराउने रणनीतिमा राज्य लाग्नु हुँदैन। यसले अरु विचलन ल्याउन सक्छ। शैक्षिक क्षति त भयो नै तर यसका पछाडि लुकेर रहेका वेरोजगारी समस्या, आर्थिक अवस्थामा क्षति, मानसिक विचलन जस्ता समस्याप्रति पनि ध्यान जान जरुरी छ। मुलुक संघीयताको धारमा अघि बढिसकेको परिप्रेक्ष्यमा राज्यले शैक्षिक नीति केन्द्रीकृत मात्र गरिरहनु पनि उपयुक्त हुँदैन कि अधिकार केन्द्र बाहिर नजाने हो भने त्यही अनुसारको व्यवहार, नीति र सिद्धान्तमा अघि बढ्नु उपयुक्त हुन्छ। शैक्षिक क्षेत्रको अन्योलको अन्त्य हुनुपर्छ। शिक्षा मन्त्रालय र शिक्षामन्त्री बोल्छन् एउटा, विभाग गर्छ अर्कै, प्रदेश र स्थानीय सरकार सुन्छन् एउटा गर्छन अर्कै, यो अन्योलको अन्त्य पनि हुनु जरुरी छ । बाल कक्षादेखि स्नातकोत्तर तहसम्मका लाखौं विद्यार्थीको भविष्य, निजी क्षेत्रमा अध्यापन गर्ने गराउने हजारौं शिक्षक कर्मचारी, आफ्नो छोराछोरीको उज्ज्वल भविष्य हेर्न चाहना राखेका लाखौं अभिभावकको सपनालाई राज्यले उपयुक्त तरिकाले सम्बोधन गर्नुपर्छ।

सहजीकरण निर्देशिका लागू गर्न भनियो। तर, यसले भने अनुसारको सिकाइ सहजीकरण गर्ने आधारहरुमा कठीनाई आएको छ। भूगोल, विद्युत्, इन्टरनेट लगायतका समस्या त्यहाँभित्र रहेका छन्। गाउँ-गाउँमा केन्द्र बनाएर सहजीकरण गर्ने तरिका अपनाइए पनि ति प्रभावकारी बन्न सकेका छैनन्। अनलाइन कक्षा सञ्चालन गर्दा ४० प्रतिशत विद्यार्थी उपस्थित हुन नसकेका गुनासा आउन थालेका छन्। टिभी तथा रेडियो कार्यक्रम समेत प्रभावकारी नभएका तथ्य सार्वजनिक भएका छन्। त्यसैले स्वास्थ्का सबै मापदण्ड अपनाएर सानो सानो समूह र संख्यामा विद्यार्थीलाई विद्यालय तथा क्याम्पसमै उपस्थित गराएर सिकाइ सहजीकरण गर्नुको विकल्प प्रभावकारी नहुने प्रष्ट भएको छ। विकल्पका नाममा विद्यालय, विद्यार्थी लगायत सम्पूर्ण युनिटलाई बन्धक बनाइनु हुँदैन। अहिले घाइते र अर्धचेतन अवस्थामा रहेको शैक्षिक जगतलाई चलायमान बनाउन वैकल्पिक उपायलाई भविष्यको तयारीका लागि पनि आवश्यक पर्ने मान्यता राख्दै शैक्षिक संस्था सञ्चालनमा राज्यले आवश्यक तयारी थाल्नुको विकल्प छैन।

# भाइरल, भाइरस र महामारी



महेन्द्र थापा


मानव जीवनमा हुने सबै घटनाहरुको कहिले पनि पूर्व अनुमान हुँदैन। सबैखालका घटनाहरु अप्रत्यासित नै हुन्छन्। केही समय अगाडि म आफैंले पनि त्यो कुराको अनुभव गरेको छु। विगत चार-पाँच वर्षदेखि मैले एउट मोबाइल सेट बोकी रहेको थिएँ। गत फागुन महिनाको दोस्रो हप्तातिर अचानक मेरो मोबाइलले काम गर्न छाड्यो। मेरो मोबाइल एक हिसाबले मेरो एउटा असल सहयोगी थियो। हरबखत मोबाइल सेट म सँगै हुन्थ्यो। कुनै नयाँ कुरा बाटोमा देख्ने बित्तिकै म त्यो दृश्यलाई आफ्नो मोबाइलमा कैद गर्थें र ग्यालरीमा राख्ने गर्थें।

त्यस्तै पत्रिकाहरुका उपयुक्त लेख र विचारहरुलाई पनि मोबाइलको सहायताले सुरक्षित गर्थें। विभिन्न व्यक्तिहरुसँगको भेटघाटका मिठा क्षणहरु मोबाइलमा थिए। एक हिसाबले भन्नुपर्दा मेरो मोबाइल सेट कम्प्युटर नै थियो। अचानक मोबाइल नखुलेपछि सोचे शायद मोबाइलमा भाइरसले सताएको होला, अब मर्मत केन्द्रमा लगेर बनाउनु पर्‍यो भनेर नजिकै रहेको मोबाइल हस्पिटलमा गएँ। मोबाइल देखाएँ र मोबाइलको समस्या पनि बताएँ। प्राविधिक भाइले ५/१० मिनट पर्खनुहोला भन्नुभयो। केही समयपछि मलाई जानकारी गराइयो कि मोबाइलको सिस्टम नै फर्मेट गर्नुपर्ने भएको रहेछ। सेटको मर्मत गर्न कम्तिमा एकदिन लाग्ने रहेछ। एकछिन त म अक्क न बक्क भएँ।

पहिलो पटक अचानक मैले मोबाइल छोड्नुपर्ने भएको थियो। केही क्षणपछि मलाई प्राविधिक भाइले फेरि भने मेरो मोबाइलका डाटाहरु सबै जान्छन्। त्यसको मतलब मेरो व्यक्तिगत र व्यावसायिक जीवनका महत्वपूर्ण डाटाहरु र सामग्री जुन मोबाइलमा सेभ थिए सबै मैले गुमाउनुपर्ने थियो। म आफूलाई ती डाटा तथा अन्य अमूल्य रेकर्डहरु गुमाउनुपर्दाको क्षणलाई काबुमा राख्न सकिरहेको थिइनँ। म बिक्षिप्त भएँ। तर, के गर्ने मैले आफूलाई सम्हाल्नुपर्‍यो र बिस्तारै समयसँगै सम्हाले पनि।

यस्तै फेरि अर्को अचानक अपराधी भाइरस आयो र त्यो कोभिड- १९ थियो। यो खालको भाइरस पहिले कतै थिएन न त यसको बारेमा कतै सुनिएको नै थियो। हुन त यसले मेरो डाटाहरुलाई नोक्सान गर्दैन थियो। तर, मानव सभ्यताको डाटामाथि नै चुनौति दिइरहेको थियो र आज पनि दिइरहेको छ। हाम्रो देश त के विश्वका कयौं विकसित देशहरुलाई यसको सामना गर्न हम्मे-हम्मे परेको छ। कसैमाथि पक्षपात नगरी यसले संसार हल्लाइरहेको छ। देशहरु बीचका भौगोलिक सिमानाहरुमा खडा भएका आधुनिक हतियारधारी सेना तथा अन्तर्राष्ट्रिय विमानस्थलहरुमा जडान गरिएका आधुनिक प्रविधिहरु पनि यसको बेग रोक्न निकम्मा सावित हुँदैछन्। यसको गतिको तीव्रता कहीँ पनि रोकिएको छैन। त्यसैले विश्व स्वास्थ्य संगठनले गत मार्च ११ मा यसले निम्ताएको विपत्तीलाई महामारीको रुपमा घोषणा गरी सकेको छ। त्यो सँगै यो महामारीसँग जोडिएर आएका नयाँ तथा अनौठा शब्दावलीहरु आज हाम्रो जीवनमा सामान्य हुँदै गएका छन्। यो माहामारीले यस्तो संकट निम्त्याएको छ कि हाम्रो बहसमा भएका वस्तु, सेवा तथा अर्थको भूमिका साँघुरिँदै गएको भान भइरहेको छ।

आधुनिक विज्ञान पनि आज कतै जोकर त भएको छैन भन्ने आभाष हामी सबैमा छ। हाम्रा सामाजिक, सांस्कृतिक तथा राजनीतिक समाधानहरु कमजोर हुँदै गएको र महत्वहीन हुँदै गइरहेको हामी सबैले अनुमान गर्न सक्छौं। हामी धेरैलाई लाग्न थालेको छ कि अब हामीलाई कुनै दैवीशक्तिको अनुकम्पाले मात्रै यो बिपत्तीबाट उन्मुक्ती दिन सक्ला। यो डरलाग्दो अनिष्ठ निकै लामो समयसम्म हामी माझ रहने त लगभग सुनिश्चित नै देखिन्छ। यो भाइरसले मानव सभ्यताको अस्तित्वमाथि धावा बोलिरहेको कुरा हामी सजिलै अनुमान गर्न सक्छौं। हिजो जसरी बिभिन्न कालखण्डमा मानव जातिमाथी यस्तै भाइरसहरुले ( इबोला, प्लेग्, औलो आदि) युद्धको बिगुल फुकेका थिए, त्यसरी नै आज पनि यो भाइरसले युद्धको बिगुल फुकी सकेको छ।



यो माहामारीको चपेटामा पनि केही मानवशास्त्रका विद्वानहरु तथा विश्वबिख्यात लेखकहरुले यो संकटसँग धेरै कुरा सिक्न सकिने भनेर वकालत गर्दै आइरहेका छन्। भारतीय मूलकी विश्वबिख्यात लेखक अरुनधाती रोयले उनको पछिल्लो निबन्ध ‘The Pandemic is Portal’ ‘यो भाइरस एउटा भाइरस मात्र होइन, यसले धेरै कुराहरुको अर्थ बोक्छ।’ भन्ने तर्क दिएकी छिन्। उनको यो तर्कलाई मानबको बिकासक्रमको इतिहाससँग जोडेर हेर्न सकिन्छ। मानव सभ्यताको बिकास क्रमलाई हेर्ने हो भने बिभिन्न कालखण्डमा यस्ता महामारीहरुको सामना गर्दै आजको मानव सभ्यता विकसित भएको हो।

यस्तै संकटहरुको द्वन्द्वबाट हामी मानव जातिले पुरानो तथा एकखालको जीवनशैलीबाट अर्को अर्थात् नयाँ जीवन पद्धतीको बिकास गर्ने गर्छौं। विगतमा भएका यस्तै संकट तथा असहज प्राकृतिक अवस्था साथै ती सँग जोडिएका घटना तथा परीघटनालाई देखाउँदै रोय उक्त निबन्धमा लेख्छिन्- ‘हामी मानव जातिलाई यस्तै महामारीहरुले विगतसँग अलग हुन र नयाँ संसार साथै नयाँ मानवीय सिद्धान्तहरु अपनाउन बाध्य हिजो पनि पारेको थियो, आज पनि पारिँदैछ र भोलि पनि पारिनेछ।’ त्यसो भए यहाँ प्रश्न उठ्छ किन हामी अहिलेको अवस्था सुहाउने नयाँ जीवनशैली नअपनाउने त ? अवश्य हामीले अपनाउनु पर्छ, यो इतिहासले प्रमाणित गरेको तथ्य हो।

आज हामी जुन अवस्थामा छौं, हिजो बिभिन्न समय र कालखण्डमा रहेका असहज चुनौतिहरुको सामना गर्दै र नयाँ जीवन पद्धतीको विकास गर्दै यहाँसम्म आइपुगेका हौं। यस्ता महामारिहरुलाई कसैले पनि भविष्यवाणी गरेर रोक्न सक्दैन। यदि सक्ने, हुन्थे भने कुनै प्रसंगमा सन् २०१५ मा विश्वकै धनी व्यक्ति बिल गेट्सले टेड टक्समा एउटा ठूलो स्वास्थ्य समस्या आउने भनेर चेतावनी दिएका थिए। हामीले रोक्नुपर्ने थियो। तर, यी र यस्ता विपत्तीहरु अचानक हुने घटनाहरु हुन् र अप्रत्यासित हुन्छन्। लेखिका रोय सोही निबन्धमा लेख्छिन्- महामारी भनेको एउटा माध्यम हो जसले पुरानो र नयाँ दुनियाँबीच प्रवेशद्वार बनाइदिन्छ।


रोयका तर्कलाई मद्दत पुग्ने गरी र सोही तर्कसँग सहमत राख्दै याले विश्वबिद्यालयका प्रोफेसर फ्यांक स्नोडाउन उनको पुस्तक Epidemics and Society : From the Black Death to the Present मा लेख्छन्- बिभिन्न रोग तथा यस्ता महामारीहरुले इतिहासको बिभिन्न कालखण्डमा राजनीति तथा क्रान्ति लगायत जातीय तथा आर्थिक विभेदहरुमा ठूलो परिवर्तन गराएको छ। साथै कला, साहित्य, विद्वानहरुको तर्क गर्ने शैली लगायत विविध मानवीय पक्षहरुमा आमूल परिवर्तन भएको छ। फ्यांक अझ यो पनि भन्छन्- कि यस्ताखालका विपत्तीहरुमा मानिस स्वयम् जिम्मेवार छ। इतिहासका तथ्यहरुलाई अध्यान गर्दा यो स्पष्ट हुन्छ कि आजसम्मका जति पनि संकटहरु छन्, त्यसका पछाडि मानवको प्रत्यक्ष/अप्रत्यक्ष संलग्नता छ।

हामी आफैं पनि सामान्यरुपले अनुमान गर्न सक्छौं। आज जङ्गलमा बस्ने जीव-जनावरहरु जहाँ हुनुपर्ने हो त्यहाँ छैनन्। ती वन्यजन्तुहरुलाई उनीहरुको रैथाने बासस्थानबाट जबरजस्ती खेदाइएको छ। नेपालमा मात्रै होइन पुरै विश्वमा वन फडानी तीव्र भइरहेको छ र मानिस र जनावरबीचको पवित्र प्राकृतिक सम्बन्धमाथि दरार पैदा गरिँदैछ। बिभिन्न बहानामा वन्यजन्तुलाई खोजी-खोजी मार्ने र खाने काम बढिरहेको छ। पक्कै पनि यो सबैको नतिजा हो अहिलेको महामारी। आज यो यसरी तीव्र रुपले फैलिँदैछ कि हामीसँग रहेका स्वास्थ्य संरचनाहरु लगायत वैज्ञानिक प्रविधिहरु निकम्मा हुँदै जादैछन्।

हामीले माने या नमाने पनि यो सत्य हो- मानव अस्तित्व आज खतरामा छ र हामी भयभित बनेका छौं। व्यस्त हुने शहरका गल्लीहरु तथा गगनचुम्बी महलहरु आज एकैसाथ संसारभरी नै उजाड बनेका छन्। सबैतिर सन्नाटा छाएको छ। मानिसहरु घरभित्रै बस्नु परेको छ। घडीको काँटा जस्तो मानिसहरुको व्यस्त जीवन आज अचानक रोकिएको छ। लाग्छ कतै यो नर्क त होइन ? यो भाइरसले हाम्रो मानव जीवनलाई भत्याङभुतुङ पारेको छ। यस्तो आभाष हुँदैछ कि मृत्यु मानिस हिँड्ने बाटोहरुमा खुल्ला रुपले हिँडिरहेको छ। जतिबेला जे पनि हुन सक्ने अवस्था छ। हामीसँग त्यस्तो कुनै हतियार वा प्रविधि छैन जसले यो भाइरसलाई पराजीत गर्न सकोस्।

यद्यपि हामीसँग एउटा विश्वास छ जसले हामीलाई आशावादी बनाउँछ र त्यो यो हो कि यसले मानव जातिलाई ठूलो क्षति पुऱ्याउन सक्छ। तर, मानव सभ्यतालाई सिध्याउन सक्दैन। यो इतिहासले प्रमाणित गरेको सत्य हो। जसरी हिजो यस्ता महामारीहरुले समाज, मनोविज्ञान तथा अर्थ व्यवस्थालाई परिवर्तन गरायो, त्यो गर्न सक्छ र गर्छ पनि। तर, कदापि मानव अस्तित्व समाप्त हुँदैन। यही वास्तविकतालाई बेलायतका प्रख्यात वातावरणण वैज्ञानिक जेम्स लभलक उनको पुस्तक The Vanishing Face f Gaia : A Final Warning मा लेख्छन्- पृथ्वी आफैंले मानव सभ्यतालाई जोगाउँछ र यो ब्रम्हाण्डको बाध्यता पनि हो किनभने मानव बिना पृथ्वीको पनि अस्तित्व सम्भव छैन। मानव जाति यो ब्रह्माण्डको अभिन्न अङ्ग हो र मानव जाति बिना यसको कुनै अर्थ हुँदैन र आफैं समाप्त पनि हुन्छ। त्यसैले स्वस्थ रहन खानपानमा ध्यान दिऊ र प्राकृतिक विधि र प्रविधिको प्रयोग गरौं। सकारात्मक सोचका साथ यो खाली समयलाई कुनै सृजनात्मक काममा उपयोग गरौं। यो भाइरल भाइरस हो यसले हाम्रो जीवनको अन्तिम गन्तब्य तय गर्दैन र गर्न पनि सक्दैन।

# रोटरी क्लब अफ मेचीनगरमा क्षेत्री



कपिल क्षेत्री, चार्टर प्रेसिडेन्ट

**बिर्तामोड, असोज १७।** धुलाबारीमा आयोजित कार्यक्रमकाबीच रोटरी क्लब अफ मेचीनगर गठन गरिएको छ ।

रोटरी क्लब अफ बिर्तामोड मिडटाउनद्वारा स्पोन्सर गरिएको रोटरी क्लब अफ मेचीनगरको चार्टर प्रेसिडेन्टमा कपिल क्षेत्री चयन भएका छन् । त्यस्तै रोटरी क्लब अफ मेचीनगरको प्रेसिडेन्ट इलेक्टमा अनन्त अवस्थी, प्रेसिडेन्ट नोमिनीमा सबिता भण्डारी, भाइस प्रेसिडेन्टमा कमल कोइराला, पब्लिक इमेज चेयरमा शर्मिला पाठक कट्टेल चयन भएका छन् ।

कार्यक्रममा रोटरी क्लब अफ बिर्तामोड मिडटाउनका प्रेसिडेन्ट प्रशान्त भण्डारी, डिस्ट्रीक्ट ३२९२ द्वारा रोटरी क्लब अफ मेचीनगरका लागि नियुक्त एडभाइजर तथा रोटरी क्लब अफ बिर्तामोड मिडटाउनका पास्ट प्रेसिडेन्ट शुभ कुमाइ पाठक, रोटरी क्लब अफ बिर्तामोड मिडटाउनका आइपीपी शिवकुमार अग्रवाल, प्रेसिडेन्ट इलेक्ट दिपेन्द्र पोखरेल लगायतले शुभकामना दिएका थिए ।

कार्यक्रममा सहभागीहरु बीच रोटरीका बारेमा अन्तक्रिया समेत गरिएको थियो । अन्तरक्रियामा रोटरी क्लब अफ बिर्तामोड मिडटाउनका प्रेसिडेन्ट प्रशान्त भण्डारीले सहभागीहरुलाई रोटरी र रोटरी क्लब अफ बिर्तामोड मिडटाउनले गर्दै आएको कार्यहरुको बारेमा जानकारी गराएको मिडिया पर्सन तुलसीप्रसाद निरौलाले जानकारी दिए ।

# पठनपाठनमा वैकल्पिक विधिको माग

**सुरुङ्गा, असोज १७।** नेपाल राष्ट्रिय शिक्षक संगठन कनकाई नगर समितिले विद्यार्थीको पठनपाठनमा वैकल्पिक विधिको व्यवस्था मिलाउन माग गरेको छ ।

नेपाल राष्ट्रिय शिक्षक संगठन नगर समितिले कनकाई नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखासँग सिकाई सहजीकरणमा वैकल्पिक विधिको माग गर्दै माग पत्र बुझाएको हो ।

कोभिड-१९ को कारण विगत छ महिनादेखि विद्यार्थीहरुलाई कक्षा कोठामा राखी अध्ययन अध्यापन गराउन नसकिएको र विद्यार्थीको सिकाई अवरुद्ध हुँदा बालबालिकाहरुमा आउने समस्याहरुलाई मध्यनजर गर्दै नवीन विधि प्रयोग गर्दै शिक्षण सिकाई गर्न आवश्यक रहेकोमा माग पत्रमा जोड दिइएको थियो ।

संगठनका नगर अध्यक्ष हरिप्रसाद तिम्सिना र सचिव चन्द्रप्रसाद पोखरेलद्वारा हस्ताक्षरित मागपत्रमा नगर शिक्षाले शिक्षक परिचालनमा आवश्यक भूमिका खेल्न आवश्यक रहेकोमा जोड दिइएको छ ।

संगठनले शिक्षकहरुको सहयोगमा कक्षा १ देखि १० सम्मका अभ्यास-पुस्तिका बनाई घर-घरमै पुर्‍याई विद्यार्थीहरुलाई परामर्श तथा पठनपाठनमा सरिक गराउन सकिने विधि सुझाइएको छ । यसै विधिलाई मूल्याङ्कनको आधार बनाउन सकिने मागपत्रमा उल्लेख छ ।

कक्षा १०, ११ र १२ जस्ता माथिल्लो कक्षाहरुलाई सिकाई सहजीकरण निर्देशिका-२०७७ अनुसार स्वास्थ्य मापदण्ड तथा भौतिक दूरी कायम गरेरविद्यालयले प्रत्यक्ष सिकाई सहजीकरण गर्न नगर शिक्षाले समन्वय गर्ने र विद्यार्थीहरुको विद्यालयमा अनिवार्य नाम दर्ता गर्न नगर शिक्षाले सहयोग गर्नुपर्ने नेपाल राष्ट्रिय शिक्षक संगठन नगर समितिको माग रहेको छ ।

# प्राध्यापकलाई तालिम



□ **सावित्रा दाहाल**

**चारआली, असोज १७।** त्रिदेव बहुमुखी क्याम्पस चारआलीको आयोजनामा अनलाइन कक्षा सञ्चालनका लागि प्राध्यापकहरुलाई पाँच दिने तालिम कार्यक्रम सञ्चालन भएको छ।

विश्व विद्यालय अनुदान आयोगको आर्थिक सहयोग तथा त्रिदेव क्याम्पसको आईक्युएसी समितिको आयोजनामा क्याम्पसमा प्राध्यापनरत् २६ जना प्राध्यापक तथा कर्मचारीहरुलाई उक्त तालिम दिन शुरु गरिएको हो । नेपाल सरकारले जारी गरेको निर्देशिका बमोजिम सबै शैक्षिक संस्थाहरुले अनिवार्यरुपमा भर्चुअल कक्षा सञ्चालन गर्नुपर्ने प्रावधानलाई कार्यान्वयन गर्न प्राध्यापकहरुलाई सहजीकरण गर्ने उद्देश्यले उक्त तालिम कार्यक्रम सञ्चालन गरेको बताइएको छ ।

सामाजिक विकास मन्त्रालय १ नं. प्रदेशका सहजकर्ता आइसीटी विज्ञ नारायणप्रसाद भट्टराईले सहजीकरण गरेको उक्त तालिमको उद्घाटन क्याम्पस सञ्चालक समितिका अध्यक्ष हरिप्रसाद घिमिरेले गरेका थिए। उनले तालिमले क्याम्पसको शैक्षिक उन्नयन र विकासमा महत्वपूर्ण सहयोग पुग्ने बताउँदै बद्लिँदो परिस्थितिमा विद्यार्थीलाई अध्ययनमा सहजता ल्याउन तालिम उपयोगी हुने बताए ।

क्याम्पस प्रमुख माधव प्याकुरेलले स्वागत तथा औचित्यमाथि प्रकाश पार्दै सबै प्राध्यापक तथा कर्मचारीलाई तालिममा सक्रिय सहभागीताको लागि अनुरोध गरे । कार्यक्रमको सञ्चालन सहायक क्याम्पस प्रमुख तेजप्रसाद खनालले गरेका थिए ।


नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
**खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय**

**अत्यन्त जरुरी सूचना**

१) रंग प्रयोग गरिएको पकाएर खाइने खाद्य पदार्थ जस्तै सिन्के चाउचाउ, दाल, गेडागेडी जस्ता खाद्य पदार्थ आयात-निर्यात, बिक्री वितरण र उपभोग नगरौं ।
२) ढुसीजन्य कतिपय विषबाट क्यान्सर समेत हुने भएकोले ढुसी परेको खाद्य पदार्थ आयात-निर्यात, बिक्री वितरण र उपभोग नगरौं ।
३) नेपालभित्र आयात, उत्पादन तथा बिक्री वितरण हुने सबै किसिमका प्याक गरिएका खाद्य पदार्थहरुमा भएको वैरन आवरणमा देहायका विवरणहरु खुलाएर मात्र आयात, उत्पादन तथा बिक्री वितरण गर्न सूचित गरिन्छ।

**लेवलमा हुनुपर्ने विवरणहरु :**
१) खाद्य पदार्थको नाम । (२) उत्पादकको पूरा नाम र ठेगाना ।
(३) समिश्रण गरिएका कच्चा पदार्थको विवरण ।
(४) खाद्य पदार्थको खुद तौल र नापको परिमाण ।
(५) व्याच नम्बर, उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति ।
६) स्वीकृत रंग र परिरक्षी प्रयोग गरिएको भए खुलाउनुपर्ने ।
(७) पोषक तत्वको दावी गरिएका खाद्य पदार्थमा पोषक तत्वको नाम परिमाण दुबै खुलाउनुपर्ने ।
८) लेवलमा उल्लेख हुने विवरण नेपालीमा वा अंग्रेजी भाषामा हुनुपर्ने र यी दुई भाषाका अतिरिक्त अन्य कुनै भाषामा पनि विवरण खुलाउन चाहेमा खुलाउन सकिनेछ। (४) खाद्य पदार्थको आयात गर्दा आयाकर्ताहरुले कमर्सियल इन्भ्वाइस, प्याकिङ लिष्ट, सर्टिफिकेट अफ ओरिजिन, क्वालिटी सर्टिफिकेट, हेल्थ सर्टिफिकेट, उत्पादन ISO र HACCP प्रमाणित गरिएको दावी गरिएमा सोको प्रमाणित सर्टिफिकेट पेस गर्नुपर्नेछ।
५) प्रतितपत्र (Letter of Credit) मार्फत (क) दूध तथा धुलो दूध (ख) कच्चा एवम् रिफाइन्ड खानेतेल ग) प्रशोधित पिउने पानी (घ) फल तथा पानीमा आधारित नन अल्कोहोलिक पेय पदार्थ, जुस तथा वेभरेज (Water based non alcoholic drinks, fruits juice and beverage) आयात गर्दा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको आयात अनुमति (Import permission) पत्र अनिवार्य रुपमा लिनुपर्ने हुन्छ।
६) चम्किने रसायन भरिएका प्लाष्टिकका नलीयुक्त विभिन्न किसिमका ललिपपहरु जस्तै : ( ग्लोअप, फ्लोरिसेन्ट, आइसक्रिम, ललिपप, प्रेस्टिज, रोजेज फ्लोरिन्सेस ललिपप) आदि प्रतिबन्धित खाद्य पदार्थ भएकाले सोको उत्पादन, बिक्री वितरण, आयात-निर्यात तथा उपभोग नगरौं )
७) आहार पुरक खाद्य पदार्थहरु (Dietarysupplements) विशेष आहार प्रयोजनका खाद्य पदार्थहरु (Food for Special Dietary use) विशेष औषधिय प्रयोजनका खाद्य पदार्थहरु (Food for Special Medicinal therapeutic purpose) न्युट्रसिउटिकल्स विशेष पोषण प्रयोजन खाद्य पदार्थहरुको (Food for Special Medicinal therapeutic purpose) आयात गर्नुपरेमा आहार पुरक खाद्य पदार्थ नियमन कार्यविधि २०७२ बमोजिम खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको आयात अनुमति (Import permission) अनिवार्य रुपले लिनुपर्ने छ।
८) अन्त्यमा कुनै पनि खाद्यपदार्थ आयात गर्नुपूर्व सम्बन्धित आयातकर्ताले खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय काँकरभिट्टामा सम्पर्क राख्न सूचित गरिन्छ।

**सम्पर्क नम्बर : ०२३-५६२०८२/मो ९८५२६७३९६५**



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।



**गमला चाहिएमा**
घर कम्पाउण्डमा फूल रोप्न, बगैँचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ ।



सम्पर्क: भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा-५, विहीवारे बजार लक्ष्मीपुर



**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्क: ९८१४९९३७१२, ९८०६०८३८७६, ९८२४९८११७४



**सेक्युरिटी गार्ड चाहियो**
सुरक्षा गार्डहरुका लागि जागीर खुल्यो बिर्तामोड लगायत झापाका विभिन स्थानका लागि पूर्व नेपाली सेना तथा पूर्व प्रहरी सेवामा काम गरेका केही सुरक्षा गार्डहरु आवश्यक परेको हुँदा शीघ्र सम्पर्क राख्नुहोला ।
भरपर्दो सुरक्षा गार्ड सेवाको लागि सेक्टर वान सेक्युरिटी सर्भिस बिर्तामोडलाई सम्झनुहोस् ।
उमेर : २६ देखि ४८ सम्म
सम्पर्क : ९८२४९८२२९६ (गोविन्द)
९८४४६९८३४० (रामकुमार)



**छापाखाना**
विभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि | स्टाम्प (छाप) | अफसेट प्रिन्ट
स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ बोर्ड
लेमिनेशन | डिजिटल प्रिन्ट | लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ
धिमिरे अफसेट प्रेस बिर्तामोडमा
फोन नं. ०२३-५४२१५९,
९८४२६३४३४३/९८१४०३६३४४



**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अत्याधुनिक ट्रवों (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट् फोट झट् सेवा'



सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४



**आवश्यकता**
एक सेनेटरी प्याड उत्पादन गर्ने कम्पनीलाई निम्न कर्मचारी चाहियो ।
पद : मार्केटिङ/सेल्स (महिला/पुरुष)
तलब : कम्पनीको नियम अनुसार
कञ्चनजंघा हस्पिटल ई.(प्रा.लि.)
९८०१४२३६४८, ९८०१४२३६४४



**टाटा सुमो गाडी भाडामा चाहिएमा**
बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो. ९८१५९५२४९९
९८४१३२१४६४



**कर्मचारी आवश्यकता**
सेल्स/मार्केटिङ : १५ महिला/पुरुष
काम गर्ने स्थान: काँकरभिट्टा, चारआली धाइजन, सुरुङ्गा, चारपाने, चन्द्रगढी, भद्रपुर, बिर्तामोड ।
तलब: १२,६००+कमिशन+बोनस
घरमा काम गर्ने : १ जना (महिला)
(खान/बस्न सुविधा छ)
Nepal Jobs Care Service Pvt. Ltd.
मो. ९८२६९२०००१, ०२३-५४६६८३



**भद्रपुर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा
१ नं. प्रदेश नेपालको
**हक दाबी सम्बन्धी सूचना**

भद्रपुर नगरपालिका वा.नं. २ बस्ने श्री प्रेमबहादुर राईको नाममा दर्ता कायम रहेको साविक पृथ्वीनगर-५ हाल न.पा.वा.न. २ को कि.नं. ११३४ को जम्मा व.मि. २,२०० व.मी. जग्गमा साविक पृथ्वीनगर गाविस हुँदा नै निर्माण सम्पन्न भएको भवनको नियमित नक्सा पास गरी अभिलेखिकरण प्रमाणपत्र उपलब्ध गराई पाउा भनी नक्सासहित निवेदन पेश भई सँधियारको नाममा सूच्ना प्रकाशित गर्दा पूर्व र पश्चिमतर्फको सँधियार श्री सर्वधन राईले हालसम्म पनि सूचना नकुभ्नु भएको र सरजमिन स्थलमा पनि अनुपस्थित हुनु भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को (क) बमोजिम दोस्रो पटक यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यस विषयमा तपाईको कुनै किसिमको दाबी विरोध भए १५ दिनभित्रमा आफूलाई मर्का परेको विवरण खुलाई यस भद्रपुर नगर कार्यपालिकाको भवन नक्सा शाखामा आई उजुरी दिनु होला अन्यथा यसै आधारमा नक्सा पास भई जाने व्यहोरा जानकारी गराइन्छ ।

*नि. प्रमुख प्रशासकीय अधिकृत*



**सहकारी एकीकरण सम्बन्धी सार्वजनिक सूचना**

**ग्लोबल बचत तथा ऋण सहकारी संस्था लि. उर्लाबारी-७ मोरङ, समानता कृषि सहकारी संस्था लि., बिर्तामोड-२, झापा र वत्स बचत तथा ऋण सहकारी संस्था लि. दमक-४ झापा एकीकरण पश्चात् वत्स बचत तथा ऋण सहकारी संस्था लि. दमक-४ झापा कायम हुने सम्बन्धी सार्वजनिक सूचना**

यस संस्थाको सातौं वार्षिक साधारणसभाबाट सञ्चालन समितिलाई एकीकरण सम्बन्धी अख्तियारी दिए बमोजिम सञ्चालक समितिको निर्णय अनुसार ग्लोबल बचत तथा ऋण सहकारी संस्था लि. उर्लाबारी-७ मोरङ, समानता कृषि सहकारी संस्था लि. बिर्तामोड-२ झापा र वत्स बचत तथा ऋण सहकारी संस्था दमक-४ झापा हुने र सो को केन्द्रीय कार्यालय दमक-४ झापामा रहने तथा एकीकरण पश्चात् ग्लोबल बचत तथा ऋण सहकारी संस्था लि. उर्लाबारी-७ मोरङ र समानता कृषि सहकारी संस्था लि. बिर्तामोड-२, झापाको सम्पत्ति तथा दायित्व वत्स बचत तथा ऋण सहकारी संस्था लि. दमक-४ झापाले बहन गर्ने गरी एकीकरण प्रकृया अघि बढेकोले सहकारी संघ-संस्था एकीकरण सम्बन्धी कार्यविधि २०७७ बमोजिम यो सूचना जारी गरिएको छ। सो सम्बन्धमा शेयर सदस्यज्यू तथा अन्य सरोकारवालाहरुको कुनै गुनासो भएमा ७ दिनभित्र यसै कार्यालयमा आफ्ना गुनासाहरु लिखित रुपमा राख्न हार्दिक अनुरोध गर्दछौं।

**वत्स बचत तथा ऋण सहकारी संस्था लि.**
दमक-४, झापा (फोन ०२३-४००१२६)

**ग्लोबल बचत तथा ऋण सहकारी संस्था लि.**
उर्लाबारी-७ मोरङ

**समानता कृषि सहकारी संस्था लि.**
बिर्तामोड-२, झापा



**Dubai मा अफिस ब्वाई, मर्चेन्डाईजर, महिला तथा पुरुष सेक्युरिटी गार्डहरुलाई, रोजगार**

१.कम्पनी **Deyaar Facilities Management LLC, UAE**
पूर्व स्वीकृती मिति २०७६।१०।०७ | चलानी नं. ६०१५३२०६ | LT.No. 234471

| सि.नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | हप्तामा कामगर्ने दिन | दिनमा काम गर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards/Guards | 100 | [illegible] | 1200 | ३८,४०० | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | क. नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaners | 100 | | 800 | २५,६०० | | | | | | | |
| 3 | Office Boy | 50 | | 900 | २८,८०० | | | | | | | |

नोट: १. अफिस ब्वाई, मर्चेन्डाईसर र सेक्युरिटी गार्डको हकमा अंग्रेजी भाषा राम्रोसंग जान्ने हुनु पर्दछ ।
२. उचाई कम्तिमा ५ फिट ४ इन्च भन्दा माथि हुनु पर्नेछ ।

२.कम्पनी **ABU Dhabi Berkeley Services LLC, Abu Dhabi, UAE**
पूर्व स्वीकृती मिति २०७६।१०।२७ | चलानी नं. ६०१५२०२३ | LT.No. 232815

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 150 | 50 | काममा अनुभव | 800 | २५,६०० | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | क. नि. अनुसार | छ | छ | २ वर्ष |

नोट: १. क्लिनरको हकमा उमेर १८ देखि ४५ वर्ष नजाघेको हुन हुनु पर्नेछ ।

| स्वदेशमा फर्किने प्रि-मेडिकल खर्च कसले तिर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च तिर्ने/नतिर्ने | स्वदेशमा फर्किने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | भीसा शुल्क कसले व्यहोर्ने | भीसा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैं | बिमा हुने प्रिमियम रोजगारदाताले | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैंले | रु ७००/- कामदारले तिर्ने | रु १,५००/- कामदारले तिर्ने | निःशुल्क |

फाईनल अन्तवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट शाखा कार्यालय विर्तामोडमा मिति २०७७ असोज १८ गते (4 Oct., 2020) मा र काठमाण्डौमा मिति २०७७ असोज १९ गते (5 Oct., 2020) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- [illegible]

**शिवाकोटी मेनपावर सर्भिस प्रा. लि.**
सामाखुशी रिङ्गरोड, काठमाडौं । सम्पर्क: ०१-४३८७९९१, ४३८७९९२
शाखा कार्यालय विर्तामोड:- ०२३-५४१०६०, ५४०५१७, ५४५३३८८, मो. ९८०१०३३९७७
(श्रम इजाजत नं: ८०६।०७५/७६) ९८०१०३३९७२, ९८०१०२३८१३, ९८०१०३३९७५, ९८०१०३३९७०, ९८०१०३३९७४
email: pr@siwakoti.com, siwakoti806@gmail.com




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिचरे रोड, बिर्तामोड (९८५२०७४७४९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** मेहनतले पदीय जिम्मेवारी दिलाउनेछ । नसोचेको अवसर प्राप्त हुनाले मन प्रफुल्लित हुनेछ । टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** भाग्यले विभिन्न अवसर थमाउनेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । शुभचिन्तकहरूले साथ दिनाले पहिलेको चुनौति समाप्त होला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । धेरैले आफ्ना कामको तारिफ गर्नेछन् । सामाजिक क्षेत्रमा नेतृत्व हातलागी हुनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ । गोप्य सूचना बाहिरिनाले काम रोक्नुपर्ने स्थिति आउन सक्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अवसरको खोजीमा दौडधुप गर्नुपर्ला । आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कममात्र भेटिनेछन् ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** दोहोर्‍याएर प्रयत्न गर्दा आंशिक लाभ हुनेछ । दिगो काम गर्न केही समय पर्खनुपर्ला । हिसाबकिताबमा होसियार रहनुहोला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** कामको चापले जीवनशैली व्यस्त रहनेछ । परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि परिनेछ । हातबाट लक्ष्मी बाहिरिने सम्भावना देखिएकाले कर्जा र उधारो व्यापारमा चनाखो रहनुपर्नेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** नियमित काममा भने साबिक जस्तै फाइदा भइरहनेछ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । रमाइलो घुमफीर होला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** रकम तथा भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** परिस्थितिसँग सम्झौता गर्नुपरे पनि प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ । प्रतिष्ठा जोगाउन सफल भइनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ । बल तथा बुद्धिको उपयोगले अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ । लामो यात्राको प्रक्रिया अघि बढ्नेछ ।